# नेपाल राष्ट्र बैंक

सिद्धार्थनगर कार्यालय

**सवारी साधन लिलाम गर्ने**

**सिलबन्दी बोलपत्र आह्वानको पुन:सूचना**

प्रथम पटक प्रकाशित मिति : २०७५/०७/१६ गते
दोश्रो पटक प्रकाशित मिति : २०७५/०८/०४ गते

यस कार्यालयमा रहेको बा ४ च ६३२ को किया स्पोटेज जीप जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति वा फर्महरुबाट यो सूचना दोस्रो पटक (गणपुरक संख्या नपुगेकोले) प्रकाशित भएको मितिले ८(आठ) दिनभित्र सिलबन्दी बोलपत्र पेश गर्न पुन: आह्वान गरिएको छ ।

**लिलाम हुने सवारी साधनको विवरण**

| **लिलाम हुने मालसामान** | **ब्राण्ड** | **स्पेशिफिकेशन** (Model) | **संख्या** | **न्यूनतम मूल्य** |
|---|---|---|---|---|
| बा ४ च ६३२ | KIA | Sportage Jeep | १ (एक) | रु. २,५१,०००।०० (अक्षरेपी दुई लाख एकाउन्न हजार मात्र) |

१. सिलबन्दी बोलपत्र खुल्ने स्थान, मिति र समय :
   (क) स्थान : नेपाल राष्ट्र बैंक, सिद्धार्थनगर कार्यालय ।
   (ख) मिति : मिति २०७५/०८/११ गते
   (ग) समय : दिउसो १२.३० वजे ।

२. सिलबन्दी बोलपत्र फाराम रु.५००।०० (अक्षरेपी पाँच सय मात्र) (फिर्ता नहुने गरी) बुझाई यस बैंकको सिद्धार्थनगर कार्यालयबाट लिन सकिनेछ ।

३. सिलबन्दी बोलपत्र साथ कबोल गरेको रकमको न्युनतम ५ (पाँच) प्रतिशतले हुने धरौटी रकम यस कार्यालयको स.क्रे.हि. धरौटी (१९०९९३१/०११/००२/५२४) हिसाबमा नगद जम्मा गरेको सक्कल भौचर वा बोलपत्र पेश गर्ने अन्तिम मितिले ३० (तीस) दिन मान्य अवधी रहेको बैंक जमानत (बैंक ग्यारेन्टी) पेश गर्नु पर्नेछ ।

४. लिलाम सम्बन्धी बोलपत्रस्वीकृत भएको जानकारी दिएको मितिले तीन दिनभित्र बैंकसंग सम्झौता गर्नु पर्ने छ । अन्यथा बोलपत्र रद्द गरी धरौटी वापत जम्मा गरेको रकम जफत गरिने छ । माथि उल्लेखित न्यूनतम मुल्य बाहेक लाग्ने सम्पूर्ण खर्च एवम् भुक्तानी गर्नुपर्ने (चालु आर्थिक बर्षको वार्षिक सवारी साधन कर समेत) सम्पूर्ण प्रचलित कर लिलाम सकार्ने पक्षले ब्यहोर्नु पर्ने छ ।

५. लिलाम हुने सवारी साधन हेर्न/बुझ्न चाहेमा कार्यालय समयभित्र यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

६. लिलाममा भाग लिन इच्छुक व्यक्तिले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र इच्छुक फर्म वा कम्पनीले इजाजतपत्र तथा फर्मको अद्यावधिक दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर प्रमाणपत्र र आ.व.२०७४/०७५ को करचुक्ता प्रमाणपत्र वा कर दाखिला गरेको प्रमाणको प्रतिलिपी पेश गर्नुपर्नेछ ।

७. लिलाम सम्बन्धी अन्य कुराहरु नेपाल राष्ट्र बैंक, लिलाम निर्देशिका, २०६५ (प्रथम संशोधन) बमोजिम हुनेछ ।